देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशासम्बन्धी

# श्वेतपत्र

विष्णु प्रसाद पौडेल
अर्थ मन्त्री

मंसीर ८, २०७२

## विषय प्रवेश

१. नेपाली जनताको सात दशकदेखिको संघर्ष, त्याग र बलिदानको परिणामस्वरुप ऐतिहासिक संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण भएको छ। सार्वभौम जनताको प्रतिनिधि संस्था संविधानसभाले निर्माण गरेको यो संविधानले लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समावेशी-समानुपातिक प्रतिनिधित्व जस्ता जनआन्दोलन र जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गरेको छ। सबै प्रकारका विभेद र असमानतालाई अस्वीकार गर्दै न्याय र समानताको पक्षपोषण गरेको छ। सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ तुल्याउँदै समाजवादउन्मुख, आत्मनिर्भर, स्वतन्त्र र समृद्ध राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ। सहभागितापूर्ण एवं समावेशी निर्माण प्रक्रिया, प्रगतिशील लोकतान्त्रिक अन्तरवस्तु र अधिकतम जनसमर्थनको दृष्टिकोणले यो संविधान उत्कृष्ट संविधान हो। नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता जस्ता अपरिवर्तनीय विषय बाहेक अन्य विषय परिवर्तन गर्न सकिने संवैधानिक व्यवस्था गरिएको हुनाले यो संविधान समयानुकूल, गतिशील र परिवर्तनशील छ।

२. संविधान जारी भएपछि लामो राजनीतिक विवादको अन्त्य भई मुलुक आर्थिक विकास र समृद्धिको यात्रामा अगाडि बढ्ने आम अपेक्षा रहेको छ। तर, मुलुकभित्र र बाहिर संविधानको भव्य स्वागत र समर्थन भइरहेका बेला संविधानका केही अन्तरवस्तुलाई लिएर तराई-मधेश क्षेत्रमा असन्तुष्टिहरू प्रकट भएका छन्। संविधान संशोधनमार्फत् व्यवस्थापिका-संसदबाटै शान्तिपूर्ण एवं विधिसम्मत प्रक्रियाद्वारा सबै असन्तुष्टिहरूलाई सम्बोधन गरेर अगाडि बढ्न सकिने अवस्था हुँदाहुँदै बन्द, हडताल र सीमा क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति ठप्प पार्ने गरी अवरोध सिर्जना हुनु अत्यन्त दुःखद कुरा हो।

३. यस वर्षको सुरुमा आएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनहरूबाट भएको आर्थिक र भौतिक क्षतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासबाट पुनर्निर्माण र पुनर्स्थापनाको कार्य राम्रोसँग प्रारम्भ समेत नभइसकेको अवस्थामा तराई-मधेसको आन्दोलन र आपूर्ति व्यवस्थामा सिर्जना भएको अवरोधले पुनर्निर्माण अभियानमा गम्भीर असर परेको छ। भूकम्पको प्रहारबाट आहत भई गाँस, ओत र न्यानोको पर्खाइमा रहेका लाखौं-लाख जनतालाई तराई-मधेशमा आन्दोलनका नाममा गरिएका बन्द, हडताल र अवरोधले पीडा माथि पीडा थपिदिएको छ। खाद्यान्न, इन्धन, औषधिलगायत जीवन रक्षाको लागि अत्यावश्यक दैनिक उपभोग्य वस्तु र सेवाको आपूर्ति हुन नसक्दा जनजीवन कष्टकर मात्रै भएको छैन, मानवीय संकटको स्थिति समेत देखा पर्न थालेको छ।

४. भूकम्पपछिको खोज, उद्धार र राहतका लागि मुलुकभित्र र छिमेकी राष्ट्रहरू लगायत मुलुकबाहिरबाट भएको सहयोग, सहकार्य र एकता अविष्मरणीय थियो। पुनर्निर्माण र पुनर्स्थापनाका लागि पनि यही किसिमको वातावरणले निरन्तरता पाउने अपेक्षा थियो। तर, यसको ठीक उल्टो नेपाली जनताले कल्पना नै नगरेको कष्टकर अवस्था यतिखेर भोग्नुपरेको छ।

५. तराई-मधेशमा लामो समयदेखि जारी रहेको बन्द, हडताल र सीमा क्षेत्रको अवरोधले तराई-मधेश लगायत मुलुकभरका जनता आक्रान्त बनेका छन्। मुलुकको आर्थिक तथा सामाजिक अवस्था झन् पछाडि धकेलिएको छ। शिक्षण संस्थाहरू बन्द हुँदा लाखौं बालबालिका शिक्षाको हकबाट वञ्चित भएका छन् भने

न्यूनतम स्वास्थ्य सेवा प्राप्त गर्न पनि कठिनाई भएको छ। विशेषगरी तराई-मधेशमा आधारभूत सरकारी सेवाका साथै बैंकिङ तथा वित्तीय सेवा सुचारु हुन सकेका छैनन्। उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय बन्द भएकाले लाखौंको संख्यामा औद्योगिक मजदुर बेरोजगार भएका छन्। पाकेका फसलहरू भित्र्याउन कठिनाई परेको छ। किसानले उत्पादन गरेको तरकारी, फलफूल, माछामासु, अण्डा, दूध बजारमा पुऱ्याउन नसक्दा त्यत्तिकै खेर गइरहेको छ। महिला, अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत समुदाय र गरिबहरूको दिनचर्या थप जोखिमपूर्ण र कष्टकर बन्दै गएको छ।

६. संविधान जारी भएपछि गठन भएको वर्तमान सरकारको काँधमा संविधान कार्यान्वयन गर्ने, तराई-मधेशमा देखिएका असन्तुष्टिहरूलाई सम्बोधन गर्ने, आपूर्ति प्रणालीमा भएको अवरोधले सिर्जना गरेको नकारात्मक असरबाट मुलुकलाई मुक्त गर्ने, भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तीव्रता दिने र अर्थतन्त्रलाई गतिशील बनाई दिगो आर्थिक तथा सामाजिक विकासको माध्यमबाट आत्मनिर्भर, सबल र स्वाधीन अर्थतन्त्रको जग बसाल्ने चुनौति र जिम्मेवारीहरू छन्।

७. यी ऐतिहासिक जिम्मेवारी पूरा गर्न सरकार दृढ संकल्पित छ। वार्ता, संवाद र कूटनीतिक पहलबाट वर्तमान अवस्थालाई सम्बोधन गर्न सरकार प्रयत्नशील छ। राजनीतिक र संवैधानिक उपायहरूको अवलम्बन गरी समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ।

८. यसै सन्दर्भमा वर्तमान सरकार गठन हुँदाको समयको मुलुकको आर्थिक अवस्था र सरकार गठन पूर्व नै सुरु भएको बन्द, हडताल, आन्दोलन र अघोषित नाकाबन्दीबाट मुलुकको अर्थतन्त्र तथा जनताको दैनिक जीवनमा परेको प्रतिकूल प्रभाव र सरकारको तत्कालको कार्यदिशाका बारेमा नेपाली दिदीबहिनी तथा दाजुभाइलाई जानकारी गराउन यो श्वेतपत्र जारी गरिएको छ।

## अर्थतन्त्रको अवस्था

९. यस वर्षको सुरुमा आएको विनाशकारी भूकम्पका कारण कुल गार्हस्थ उत्पादनमा कमी मात्र भएन, कुल गार्हस्थ उत्पादनको एक तिहाई बराबरको भौतिक क्षति समेत भयो। त्यसैले आर्थिक वर्ष २०७१/७२ मा समग्र आर्थिक वृद्धिदर ६ प्रतिशत हुने अनुमान गरिएकोमा ३ प्रतिशतमा सीमित रह्यो।

१०. विगत केही वर्षदेखि सरकारी बजेट अपेक्षाअनुरुप कार्यान्वयन हुन सकिरहेको छैन। स्वदेशी तथा विदेशी निजी लगानी पनि अपेक्षित रूपमा बढ्न सकेको छैन। विनियोजित बजेट र त्यसमा पनि पुँजीगत बजेट खर्च हुन नसक्दा पुँजी निर्माणको कार्यले गति लिन सकेको छैन। आर्थिक वर्ष २०७१/७२ का लागि कुल रू. ६ खर्ब १८ अर्ब १० करोड बजेट विनियोजन गरिएकोमा ८४.३ प्रतिशत अर्थात् रू. ५ खर्ब २१ अर्ब ४ करोड खर्च भएको थियो। यसमध्ये चालुतर्फ विनियोजनको ८५ प्रतिशत अर्थात् रू. ३ खर्ब ३९ अर्ब १८ करोड, पुँजीगततर्फ विनियोजनको ७५.९ प्रतिशत अर्थात् रू. ८८ अर्ब ५६ करोड र वित्तीय व्यवस्थातर्फ विनियोजनको ९१.१ प्रतिशत अर्थात् रू. ९३ अर्ब ३० करोड खर्च भएको थियो।

११. आर्थिक वर्ष २०७१/७२ मा व्यापार घाटा रू. ६ खर्ब ८९ अर्ब पुगेको थियो। निर्यात व्यापार अघिल्लो आर्थिक वर्षको तुलनामा ७.३ प्रतिशतले घटेको थियो भने आयात ८.४ प्रतिशतले बढेको थियो। व्यापार घाटामा वृद्धि भएता पनि विप्रेषण आप्रवाहमा भएको वृद्धि र चालु खाता धनात्मक रहेका कारण शोधनान्तर

स्थिति रू. १ खर्ब ४५ अर्बले बचतमा रहेको थियो। यसैगरी विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तमा रू. ७ खर्ब ३ अर्ब पुगेको थियो।

१२. गत आर्थिक वर्ष २०७१/७२ मा रू. ४ खर्ब २३ अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यको ९६ प्रतिशत अर्थात् रू. ४ खर्ब ५ अर्ब ८५ करोड मात्र संकलन भएको थियो। कुल रू. १ खर्ब २३ अर्ब वैदेशिक सहायता प्राप्त गर्ने लक्ष्य राखिएकोमा ४५ प्रतिशत अर्थात् रू. ५५ अर्ब ३७ करोड मात्र परिचालन भएको थियो। वैदेशिक सहायता अन्तर्गत रू. २५ अर्ब शोधभर्ना लिन बाँकी छ। गत आर्थिक वर्षमा रू. ५२ अर्ब ७५ करोड आन्तरिक ऋण उठाउने लक्ष्य राखिएकोमा रू. ४२ अर्ब ४२ करोड मात्र परिचालन भएको थियो। लक्ष्यअनुरुप खर्च हुन नसकेकाले गत आर्थिक वर्षमा सरकारी कोष रू. ४१ अर्बले बचतमा रहेको थियो।

१३. हाल नेपालको कुल ऋणभार रू. ५ खर्ब ३९ अर्ब ७५ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रू. १ खर्ब ९६ अर्ब ७९ करोड र वैदेशिक ऋण रू. ३ खर्ब ४२ अर्ब ९६ करोड रहेको छ। कुल गार्हस्थ उत्पादनसँग ऋणको अनुपात २४.५ प्रतिशत रहेको छ।

१४. नाफामा रहेका सार्वजनिक संस्थानहरू, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा अन्य कोषहरूमा रहेको ठूलो रकम लगानी हुन सकेको छैन।

## वर्तमान परिस्थितिको प्रभाव

१५. संविधान जारी भएपछि आर्थिक-सामाजिक विकासमा सम्पूर्ण ध्यान केन्द्रित हुने, आर्थिक सुधारका कार्यक्रमहरूबाट सरकारी तथा स्वदेशी र विदेशी लगानीका लागि सकारात्मक वातावरण बन्ने, विकास निर्माणका कार्यहरू सुचारु हुने र भूकम्पपछिको पुनर्निर्माणमा सरकारी र निजी लगानी वृद्धि भई आर्थिक क्रियाकलापमा विस्तार हुने अपेक्षाका साथ चालु आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरिएको थियो। तर, आपूर्ति प्रणालीमा भएको अवरोधबाट आर्थिक क्रियाकलापमा गम्भीर संकुचन आएकोले कृषि र गैर कृषि दुवै क्षेत्रको उत्पादन प्रभावित हुने भई यो आर्थिक वर्षको आर्थिक वृद्धिदर २ प्रतिशतको हाराहारीमा रहने अनुमान छ। बन्द, हडताल र आपूर्ति प्रणालीको अवरोध लम्बिंदै गएमा आर्थिक वृद्धिदर थप संकुचित हुने सम्भावना रहेको छ।

१६. चालु आर्थिक वर्षको पहिलो चार महिनामा ४.१ प्रतिशत मात्र पुँजीगत बजेट खर्च भएको र पुनर्निर्माणका लागि विनियोजित रू. ७४ अर्बको बजेट खर्च हुन संस्थागत वातावरण बन्न नसकेको हुँदा पुँजी निर्माणका कार्यहरूले गति लिएका छैनन्। साथै, औद्योगिक कच्चा पदार्थ र इन्धनको आपूर्ति हुन नसक्दा औद्योगिक उत्पादन ठप्प प्रायः रहेको छ। कृषि तथा उद्योगबाट उत्पादित वस्तु ढुवानी समस्याका कारण बजारसम्म पुऱ्याउन कठिन भइरहेको छ। होटल, रेष्टुरेन्ट, पर्यटन, निर्माण, बैकिङ, यातायातलगायतका कुल गार्हस्थ उत्पादनमा ५० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउने सेवा क्षेत्र इन्धन र अन्य आवश्यक सामग्रीको अभावले नराम्ररी प्रभावित भएको हुँदा त्यसको प्रत्यक्ष असर आर्थिक वृद्धिमा परेको छ।

१७. विपद्पछिको आवश्यकता पहिचान प्रतिवेदनबमोजिम भूकम्पको क्षतिका कारण करिब ७ लाख व्यक्ति गरिबीको रेखामुनि धकेलिएको अनुमान छ। यसरी थपिएको गरिबीमध्ये करिब ६० प्रतिशत मध्यपहाडी

र हिमाली क्षेत्रमा रहेको अनुमान छ। भूकम्पले खानेपानी तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा तथा दैनिक जीविकोपार्जनमा पारेको प्रभावका कारण बढेको गरिबी हालको आर्थिक शिथिलताले झन् बढ्ने निश्चित प्रायः छ। यसले नेपाललाई सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरवृद्धि गर्ने र सन् २०३० सम्म मध्यम आय भएका मुलुकको दर्जामा पुऱ्याउने लक्ष्यमा चुनौति थपेको छ।

१८. आपूर्ति प्रणालीको अवरोधको प्रभाव क्रमशः समष्टिगत आर्थिक परिसूचकहरूमा पर्न थालेको छ। चालु आर्थिक वर्षको पहिलो महिनामा ६.९ प्रतिशतको मुद्रास्फीति रहेकोमा दोस्रो र तेस्रो महिनामा क्रमशः ७.२ प्रतिशत र ८.३ प्रतिशत पुगेको छ। यसमा पनि खाद्य पदार्थतर्फको मुद्रास्फीति अधिक दरले वृद्धि भएको छ। खाद्यान्न मध्ये दलहन र तेलहनको मूल्यवृद्धि उच्च देखिएको छ। औद्योगिक कच्चा पदार्थ र सेवा क्षेत्रका साधनहरूको मूल्यवृद्धिले गैर कृषि क्षेत्रको उत्पादन लागत बढ्न गई मूल्यवृद्धि हुने अवस्था देखिएको छ भने आन्तरिक उत्पादनमा आएको कमी र बाह्य मुलुकबाट हुने आयात संकुचित भएका कारण खाद्य वस्तुको मूल्यमा थप चाप पर्नसक्ने अनुमान छ।

१९. आपूर्ति प्रणालीमा भएको अवरोधले आयातको परिमाण घटेको हुँदा समग्र व्यापार घाटामा कमी त आएको छ। तर, आवश्यक विकास निर्माणका वस्तुको सहज उपलब्धता नभएकाले अर्थतन्त्र शिथिल भएको छ। गत आर्थिक वर्षको पहिलो तीन महिनामा रू. १ खर्ब ९१ अर्ब ७२ करोड बराबरको वस्तु तथा सेवा आयात भएकोमा यस वर्षको सोही अवधिमा रू. १ खर्ब ३० अर्ब ४९ करोडको वस्तु तथा सेवा आयात भएको छ। त्यसैगरी गत आर्थिक वर्षको पहिलो तीन महिनामा रू. २२ अर्ब ५३ करोडको वस्तु तथा सेवा निर्यात भएकोमा यस वर्षको सोही अवधिमा रू. १६ अर्ब ८१ करोड मात्र निर्यात भएको छ। यसरी कुल व्यापारमा अघिल्लो आर्थिक वर्षको तुलनामा ३१ प्रतिशतले गिरावट आएको छ।

२०. आयात घटेको, विप्रेषण आप्रवाह बढेको र गत आर्थिक वर्षको वैदेशिक सहायताको शोधभर्ना प्राप्त भएकाले चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्ममा रू. ६४ अर्ब १५ करोडले शोधनान्तर बचत रहेको छ भने रू. ८ खर्ब ९२ अर्ब बराबरको विदेशी विनिमय सञ्चिति छ। अघिल्लो वर्षको यही अवधिमा शोधनान्तर बचत रू. २ अर्ब ९६ करोड र विदेशी विनिमय सञ्चिति रू. ६ खर्ब ७९ अर्ब मात्र थियो। यस अवधिमा विप्रेषण आप्रवाहमा २४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ६६ अर्ब पुगेको छ।

२१. आपूर्ति प्रणालीको अवरोधको प्रभाव पुँजी बजारमा समेत देखिन थालेको छ। संविधान जारी भएपछि लगानीको वातावरण बन्ने अपेक्षामा नेप्से परिसूचक निरन्तर उकालो लागी २०७२ भाद्र २९ गते १२०५.८ अंकको उच्च विन्दूमा पुगेको थियो। तर, हालको असहज परिस्थितिका कारण यसमा ह्रास आई २०७२ मंसीर ७ गते १०७५.८ विन्दूमा कायम रहन पुगेको छ।

## आर्थिक सामाजिक अवस्थाको क्षेत्रगत समीक्षा

### (क) कृषि

२२. कृषि क्षेत्रको वृद्धिदर अघिल्लो आर्थिक वर्ष १.९ प्रतिशत मात्र रहेकोमा चालु आर्थिक वर्षमा १ प्रतिशतको हाराहारीमा मात्र हुने अवस्था देखिएको छ। मौसमी प्रतिकूलताले वर्षे बालीमा पारेको प्रभावका कारण कृषि क्षेत्रमा २१ प्रतिशत भार रहेको धानको उत्पादन ५ प्रतिशत र ७ प्रतिशत भार रहेको मकैको

उत्पादन १० प्रतिशतले घट्ने अनुमान छ। रासायनिक मलको आपूर्ति सहज हुन नसकेमा गहुँको उत्पादन ३० प्रतिशतले घट्ने सम्भावना छ। मुलुकको वार्षिक खाद्यान्न आवश्यकता ५३ लाख ४५ हजार मेट्रिक टन रहेकोमा २०७२ असार मसान्तसम्म १ लाख ५५ हजार मेट्रिक टन मात्र बचत रहेकाले खाद्यान्न उत्पादनमा आउनसक्ने यो गिरावटबाट खाद्य सुरक्षा कायम राख्न चुनौति थपिएको छ।

२३. होटल, रेष्टुरेण्ट तथा क्याटरिङ्ग सेवाको माग तथा आपूर्तिमा कमी आई दूध र मासु प्रत्येकको उत्पादन २/२ प्रतिशतले घट्ने देखिएको छ। गत वर्ष करिब ३६ लाख मेट्रिक टन तरकारी उत्पादन भएकोमा सो को ५० प्रतिशत वर्षायाममा उत्पादन भएकाले समग्रमा यस वर्ष पनि उत्पादनमा कमी नआउने अनुमान रहेको छ। तर ढुवानी समस्याले देशका विभिन्न स्थानमा उत्पादित तरकारी संकलन र बजारीकरण गर्ने कार्य प्रभावित हुने देखिएको छ। कालीमाटी तरकारी तथा फलफूल बजारबाट मात्रै दैनिक ६०० मेट्रिक टन तरकारी बिक्री हुने गरेकोमा हाल ४०० मेट्रिक टन मात्र बिक्री हुने गरेको छ।

२४. दुग्ध विकास संस्थानबाट दैनिक १ लाख लिटर दूध वितरण हुने गरेकोमा हाल ८० हजार लिटर मात्र वितरण भएको छ। यसैगरी ब्रोईलर तथा लेयर्स चल्ला, अण्डा र तयारी मासुको उत्पादन तथा वितरणमा प्रतिकूल असर परेको छ। व्यावसायिक रूपमा फस्टाउँदै गरेको दुग्ध उत्पादन तथा कुखुरापालनका लागि आवश्यक पर्ने दानामा प्रयोग हुने मकै, भटमास जस्ता खाद्य पदार्थको आपूर्तिमा कठिनाई उत्पन्न हुँदा यी व्यवसाय प्रभावित हुँदै गएका छन्।

२५. यस वर्षको हिउँदे बालीलाई लक्षित गरी आयात गर्न लागिएको रासायनिक मल ट्रान्जिटमा रोकिएको छ। उक्त रासायनिक मल समयमै आयात भई वितरण हुन नसकेमा हिँउदे बालीको उत्पादनमा कमी आउने देखिएको छ। हिउँदे खाद्यान्न तथा तरकारी बालीका लागि आवश्यक उन्नत तथा वर्णशंकर जातका बीऊ सहज आपूर्ति हुन सकेनन् भने ती बालीहरूको उत्पादनमा ह्रास आउन सक्ने देखिन्छ।

२६. हालको इन्धन समस्याले कृषिका लागि अपरिहार्य सिँचाइ सुविधा समेत प्रभावित बनेको छ। विद्युत उपलब्ध नभएका स्थानमा भूमिगत सिँचाइ र लिफ्ट सिँचाइ अवरुद्ध बनेका छन्।

**(ख) उद्योग**

२७. गत आर्थिक वर्षमा औद्योगिक क्षेत्रको वृद्धिदर २.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ऋणात्मक रहनसक्ने देखिन्छ। तराई-मधेश क्षेत्रका अधिकांश उद्योगहरू बन्द छन्। तराई-मधेश बाहेक अन्य क्षेत्रमा स्थापित उद्योगहरू कच्चा पदार्थ, मेशिनरी, पार्टपूर्जा र इन्धनको अभावमा बन्द भएका वा क्षमता भन्दा धेरै कममा सञ्चालित छन्। केही उद्योगले उत्पादन गरेका वस्तु पनि उद्योगको गोदाममा नै थन्किएका छन्। औद्योगिक शिथिलताले रोजगारीमा प्रतिकूल प्रभाव पारेको छ। बन्द, हडताल र अवरोधले साना ठूला गरी करिब २२ सय उद्योगहरू बन्द भएका छन् भने ती उद्योगहरूमा कार्यरत करीब २ लाख भन्दा बढी औद्योगिक श्रमशक्ति बेरोजगार भएका छन्। उद्योगीहरूलाई बैंकको ब्याज र मजदुरको ज्याला भुक्तानी गर्न कठिन भइरहेको छ।

२८. हजारौको संख्यामा मालवाहक कन्टेनर तथा गाडीहरू कोलकत्ता बन्दरगाह, भारतीय सडक, भारतीय रेल्वे, रक्सौल तथा सुख्खा बन्दरगाहमा रोकिइरहेको कारण वस्तुको मूल्यसंगै बन्दरगाह तथा भन्सार कन्टेनर

भाडा, डिटेन्सन, पार्किङ् शुल्क, गोदाम भाडा र ड्युमरेज शुल्क बढ्न जानसक्ने अवस्था रहेको छ। यस्तो शुल्क हालसम्म रू. ५ अर्ब पुगेको अनुमान छ भने यो अंक क्रमशः बढ्दै जाने देखिन्छ।

**(ग) सेवा**

२९. सेवा क्षेत्रको वृद्धिदर गत आर्थिक वर्षमा ६.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ३ प्रतिशतको हाराहारीमा रहने स्थिति देखिएको छ।

३०. आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा रहेको पर्यटन व्यवसाय नराम्ररी प्रभावित भएको छ। सन् २०१४ को जनवरीदेखि अक्टुवरसम्ममा नेपाल भ्रमणमा हवाई मार्गबाट आउने कुल पर्यटक संख्या ६ लाख ५२ हजार ६ सय ५५ रहेकोमा यस वर्षको सोही अवधिमा ४६ प्रतिशतले कमी आई ३ लाख ३ सय २५ पर्यटक मात्र नेपाल आएका छन्। हवाई मार्गबाट आउने पर्यटकहरूको नेपालमा बसाइ अवधि गत वर्ष १२.४ दिन रहेकोमा सन् २०१५ को जनवरीदेखि अक्टुवरसम्मको अवधिमा ६ दिनमा सीमित भएको छ।

३१. होटलमा पर्यटकहरू कम हुँदा क्षमताको २० प्रतिशत भन्दा कम उपयोग भएकोले पर्यटन र होटल उप क्षेत्र शिथिल रहेको छ। अघिल्लो वर्षको असोज कार्तिकमा पर्यटकीय होटलका कोठाहरू ९० देखि ९५ प्रतिशत भरिएकोमा चालु वर्षको यही अवधिमा केवल १५ देखि २० प्रतिशत मात्र भरिएको छ। आवश्यक पर्ने आधारभूत इन्धनको व्यवस्था हुन नसकी धेरैजसो रेष्टुरेन्टहरू बन्द रहेका छन्। सञ्चालनमा रहेका रेष्टुरेन्टहरूले पनि मेनुको सूचीमा कटौति गरेका छन्। समग्र पर्यटन क्षेत्रको रोजगारीमा अघिल्लो वर्षको यही अवधिको तुलनामा २५ प्रतिशतले कमी आएको छ।

३२. अघिल्लो वर्षको यही अवधिको तुलनामा यस वर्ष पर्यटक संख्यामा ५० प्रतिशत कमी आएको, टुर गाईडहरूमध्ये १५ प्रतिशतले मात्र रोजगारी पाएको, पर्यटकीय सवारी साधनहरूमध्ये करिब ५ प्रतिशत मात्र सञ्चालनमा रहेका र पर्यटकीय यातायातमा संलग्न जनशक्तिमध्ये करिब ७ प्रतिशतले मात्र रोजगारी पाएको अवस्था छ।

३३. हवाई इन्धन उपलब्ध हुन नसक्दा दुईतर्फकै लागि आवश्यक इन्धन बोक्नुपरेकाले अन्तर्राष्ट्रिय उडानहरू पूर्ण यात्रु क्षमतामा सञ्चालन हुन सकेका छैनन्। यस अवधिमा आन्तरिक उडान ७५ प्रतिशतसम्म कटौती भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र आन्तरिक विमानस्थलहरूको निर्माण र सुधारको कार्य रोकिएको छ।

**(घ) पूर्वाधार विकास तथा निर्माण**

३४. सिमेन्ट, छड, गिट्टी, ढुंगा, बालुवा जस्ता निर्माण सामग्रीको आन्तरिक उत्पादनमा कटौती भएको, उत्पादित निर्माण सामग्री पनि ढुवानीको अभावमा निर्माणस्थलसम्म पुग्न नसकेको र आयातको क्रममा रहेका निर्माण सामग्री भन्सार नाकामा थुप्रिएका कारण सार्वजनिक निर्माण कार्य प्रायः रोकिएको अवस्था छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा सिँचाइ आयोजना, रानी-जमरा-कुलरिया सिँचाइ आयोजना, तामाकोशी जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, हुलाकी राजमार्ग, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग,

व्यापारिक मार्गहरू, उत्तर-दक्षिण लोकमार्ग, चमेलिया जलविद्युत आयोजना, काठमाडौं सहरी सडक विस्तार आयोजना जस्ता ठूला आयोजनाहरू प्रायः अवरुद्ध छन्।

३५. निजी क्षेत्रका व्यक्तिगत घरहरू, औद्योगिक र व्यवसायिक भवन, सपिङ्ग मल, अस्पताल, विद्यालय जस्ता संरचनाहरूको निर्माण कार्य ठप्प प्रायः रहेको छ। सरकारी कामको ठेक्का नलाग्दा निर्माण व्यवसायीले काम पाउन सकेका छैनन्। निर्माण क्षेत्रमा काम गर्ने दक्ष र अदक्ष मजदुरहरू बेरोजगार छन्। निर्माण कार्य सुचारु नहुँदा निर्माणाधीन सार्वजनिक एवं निजी आयोजनाहरूको निर्माण अवधि र लागत दुवै बढ्न जाने देखिएको छ।

**(ङ) मौद्रिक तथा वित्तीय क्षेत्र**

३६. आर्थिक गतिविधिमा देखिएको शिथिलताका कारण बैंकिङ क्षेत्रको कर्जामा अपेक्षित विस्तार नहुने तर लगानीको वातावरणमा परेको असरका कारण निक्षेप विस्तार यथावत् रही बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलताको स्थिति आउने देखिएको छ। यस वर्षको कार्तिकको तेस्रो सातासम्म बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असार मसान्तको तुलनामा २.१ प्रतिशतले वृद्धि भएको छ भने निक्षेप परिचालन २.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ५.१ प्रतिशत र २.७ प्रतिशत थियो।

३७. आर्थिक क्रियाकलापमा आएको संकुचनका कारण बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुलीमा समस्या आई वित्तीय क्षेत्रको स्थायित्वमा प्रतिकूल असर पर्ने देखिन्छ। यही अवस्था जारी रहेमा आगामी दिनहरूमा ब्याज मुल्तबी रकम, निष्कृय कर्जा, पुँजी पर्याप्तता कोष तथा बैंकको नाफामा नकारात्मक प्रभाव पर्ने सम्भावना पनि रहेको छ।

३८. वाणिज्य बैंकहरूको कर्जा प्रवाहमा मिश्रित प्रभाव देखिएको छ। विगतमा प्रत्येक वर्ष बढ्दै गइरहेको उपभोग्य कर्जा घटेको छ भने कृषि तथा वन, मत्स्यपालन, धातु, मेशिनरी तथा औजारमा प्रवाह हुने कर्जा पनि घटेको छ। निर्माण, होटेल तथा रेष्टुराँ क्षेत्रको कर्जा प्रवाहमा सामान्य वृद्धि भएता पनि अघिल्लो वर्षको तुलनामा यो वृद्धिदर न्यून छ।

३९. इन्धन आपूर्तिमा रहेको अवरोधले दैनिक बैंकिङ सेवा प्रभावित भएको छ। तराई-मधेशका जिल्लाहरूमा सन्ध्याकालीन काउण्टरहरू बन्द भएका छन् भने एटिएम सेवा पनि आंशिक सञ्चालनमा छन्। बैंकिङ नेटवर्क सेवा प्रदायक संस्थाहरूले सेवा प्रदान गर्न कठिनाई भोग्दै गएकाले समग्र भुक्तानी प्रणालीमा जोखिम बढ्न थालेको छ।

**(च) आन्तरिक र बाह्य व्यापार**

४०. आर्थिक वर्षको पहिलो चार महिनामा खाद्यान्नको आयातमा २६.७ प्रतिशतले कमी आएको छ भने औषधि र औषधिको कच्चा पदार्थको आयात ५४.७ प्रतिशतले घटेको छ। इन्धनतर्फ अघोषित नाकाबन्दी सुरु भएपछिको दुई महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा पेट्रोल, डिजेल, मट्टितेल, एल.पी. ग्याँस र हवाई इन्धनको आयातमा क्रमशः ७०.६ प्रतिशत, ६२.८ प्रतिशत, ७३.१ प्रतिशत, ७१.८ प्रतिशत र ८४.४ प्रतिशतले गिरावट आएको छ।

४१. वस्तु आयातका लागि २०७२ कार्तिक २० गतेसम्म अमेरिकी डलर १ अर्ब २४ करोड बराबरको प्रतीतपत्र खुलेको छ। गत वर्षको कार्तिक मसान्तसम्ममा अमेरिकी डलर १ अर्ब ९२ करोडको प्रतीतपत्र खुलेको थियो। औषधि, पेट्रोलियम पदार्थ, एम.एस. विलेट तथा विद्युतीय उपकरणको कुल प्रतीतपत्र रकममा क्रमशः ५६ प्रतिशत, ५५ प्रतिशत, ५८ प्रतिशत र ६३ प्रतिशतले गिरावट आएको छ।

४२. आपूर्ति प्रणालीको अवरोधका कारण आन्तरिक व्यापारमा समेत कमी आएको छ। गत आर्थिक वर्षको तुलनामा धान चामल, दलहन, तेलहन, औषधि र निर्माण सामग्रीको व्यापारमा ठूलो मात्रामा गिरावट आएको छ। आन्तरिक व्यापारको वितरण सञ्जालको श्रृंखला टुट्न थालेकाले अत्यावश्यक खाद्यान्न, औषधि, अक्सिजन, खानेपानी, खानेतेल, दलहन जस्ता उपभोग्य सामग्री तथा खाना पकाउने ग्याँस, दाउरा, पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको अभाव सिर्जना भएको छ।

**(छ) जलविद्युत तथा अन्य उर्जा**

४३. हाल राष्ट्रिय वितरण सञ्जालमा ७१६ मेगावाट विद्युत आपूर्ति भइरहेकोमा उद्योग व्यवसाय सञ्चालनमा नरहेकोले विद्युत खपतमा कमी आएको हुँदा लोडसेडिङ कम भएको छ। अहिले बिहानको ५ बजेदेखि ६ बजेसम्म ९४ मेगावाट अपुग छ भने साँझ ६ देखि ८ बजेसम्म अधिकतम ५१२ मेगावाट न्यून रहेको छ। विद्युत शक्तिको न्यूनता पूर्ति गर्न भारतबाट अधिकतम २३६ मेगावाट आयात गर्नुपरेको छ। भारतबाट आयातीत विद्युतले वार्षिक औसत विद्युत आपूर्तिको ३० प्रतिशत हिस्सा ओगटेको छ। यसरी आयात हुँदाको अवस्थामा पनि उच्च मागमा करिब ४ सय ७० मेगावाट न्यून भई लोडसेडिङ गर्नु पर्ने बाध्यता रहेको छ।

४४. माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) भूकम्पको कारण तोकिएको मितिभन्दा झण्डै दुई वर्षपछि अर्थात् २०७४ माघमा मात्र सम्पन्न हुने अवस्थामा छ। यसको मुख्य संरचनाहरूको निर्माण कार्य बन्द भएता पनि क्षति न्यूनीकरणसँग सम्बद्ध केही कार्यहरू भने सञ्चालनमा रहेका छन्। आवश्यक इन्धनको आपूर्ति सहज हुन नसक्दा आयोजनाको निर्माण कार्य अझ बढी प्रभावित हुने अवस्था छ। भूकम्पका कारण ८० मेगावाट क्षमताका विद्युत आयोजनाहरू हालसम्म पुनः सञ्चालनमा आउन सकेका छैनन् भने आपूर्ति प्रणालीमा देखिएको वर्तमान अवरोधले निर्माणाधीन आयोजनाहरू प्रभावित भएका छन्। यसले गर्दा निकट भविष्यमा लोडसेडिङ अन्त्य गर्न थप विकल्पहरू खोज्नुपर्ने भएको छ।

४५. सहरी तथा आसपासका क्षेत्रहरूमा खाना पकाउने ग्याँस तथा मट्टितेलको अभावका कारण दैनिक खाना पकाउने कार्य अत्यन्त कष्टकर भएको छ। इन्धनको अभावमा यातायातका साधन कम सञ्चालनमा रहेकाले ग्रामीण क्षेत्रमा उत्पादन भएका ब्रिकेट सहरी क्षेत्रमा ल्याउन सकिएको छैन। हाल सौर्य ऊर्जा र गोबर ग्याँसको माग अत्यधिक बढेको भए पनि आपूर्ति हुन सकेको छैन। निर्माण सामग्रीहरूको अभावले लघु जलविद्युतका सिभिल निर्माण कार्य, प्रसारण तथा वितरण लाइनसम्बन्धी कार्य प्रभावित भएका छन्।

४६. सामुदायिक विद्युतीकरण अन्तर्गत चालु आर्थिक वर्षको कार्यक्रममा समावेश क्रियाकलापहरू समयमै सम्पन्न गर्न कठिन हुने देखिएको छ। निर्माणाधीन ठूला बायोग्याँस प्लाण्टहरू सम्पन्न हुन नसक्ने र भूकम्पबाट क्षतिग्रस्त प्लाण्टहरूको पुनर्निर्माण/पुनर्स्थापनामा ढिलाइ हुन जाने अवस्था देखिएको छ।

**(ज) सामाजिक सेवा**

४७. तराई-मधेशका २० जिल्ला, विशेषगरी बारा, पर्सा, रौतहट, सिरहा, सप्तरी, महोत्तरी, धनुषा र सर्लाही जिल्लाहरूमा शैक्षिक गतिविधिहरू अवरुद्ध भएका छन्। यस क्षेत्रका ३४ लाख ७६ हजार बालबालिकाहरू गम्भीर रूपमा प्रभावित भएका छन्। यसैगरी आपूर्ति प्रणालीमा आएको अवरोधले देशभरका प्रारम्भिक बाल विकास केन्द्रमा रहेका ११ लाख बालबालिका, कक्षा १ देखि १२ सम्मका ७५ लाख ४२ हजार विद्यार्थी र उच्च शिक्षाका ६ लाख ५२ हजार विद्यार्थीहरू प्रभावित भएका छन्।

४८. यातायात, आवागमन र आपूर्ति प्रणालीमा आएको संकुचनले काठमाडौं उपत्यकालगायत नगर क्षेत्रका आवासीय, संस्थागत र सामुदायिक विद्यालयहरू समेत प्रभावित भएका छन्। शिक्षक र विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन सकिरहेका छैनन् भने अधिकांश आवासीय विद्यालयहरू बन्द रहेका छन्।

४९. आगामी शैक्षिक सत्रमा ७२ लाख विद्यार्थीहरूलाई निःशुल्क प्रदान गरिने पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरूको छपाईमा प्रभाव परी समयमा पुस्तक उपलब्ध गराउन नसकिने स्थिति उत्पन्न भएको छ। यसबाट अर्बौं लगानी भइरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रमका उद्देश्य एवं लक्ष्यहरू हासिल गर्ने कार्यमा अवरोध आउने र धेरै वर्षको प्रयास तथा लगानीबाट सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने क्रममा प्राप्त तथा अन्य शैक्षिक क्षेत्रका उपलब्धिहरू गुम्ने खतरा उत्पन्न भएको छ।

५०. विगत एक दशकमा नेपालको स्वास्थ्य क्षेत्रका सूचकहरूमा उल्लेखनीय सुधार आएकोमा यस वर्षको विनाशकारी भूकम्पले स्वास्थ्य क्षेत्र गम्भीर रूपमा प्रभावित भएको थियो। तराई-मधेशको बन्द, हडताल र आपूर्ति प्रणालीको अवरोधले कतिपय स्वास्थ्य संस्थाहरू बन्द भएका छन् भने खुलेका स्वास्थ्य संस्थाहरूबाट पनि सहज सेवा प्रवाह हुन सकिरहेको छैन। सवारी साधन सुचारु हुन नसक्दा सुत्केरी, नवजात शिशु, बालबालिका तथा वृद्धवृद्धालाई स्वास्थ्य संस्थासम्म जान असुविधा भएको छ। एम्बुलेन्स सेवा सहज हुन नसक्दा आकस्मिक उपचार सेवा समेत प्रभावित हुने अवस्थामा पुगेको छ।

५१. बजारमा अत्यावश्यक र जीवनदायिनी औषधिहरूको अभाव देखिन थालेको छ। रगत तथा रगत प्याकिङ्ग गर्ने प्लाष्टिक व्याग, शल्यक्रिया एवं सघन उपचारमा प्रयोग हुने एनेस्थेसिया र अक्सिजनलगायतका सामग्रीको अभाव भएको छ। प्याकिङ्ग सामग्री र ढुवानीको अभावमा रगत संकलन र वितरण प्रभावित भई बिरामीको उपचारमा प्रतिकूल असर परेको छ । मानव अङ्ग प्रत्यारोपण सेवा, शल्यक्रिया सेवा, अस्पतालको आकस्मिक सेवा, मृगौलाको डायलाईसिस सेवा कटौती गर्नुपर्ने अवस्था आउन थालेको छ। इन्धन र औषधिको अभावमा आधारभूत खोप सेवाबाट लाखौं बालबालिका वञ्चित हुने स्थिति देखिएको छ। यो समस्याको शीघ्र समाधान नभएमा ठूला अस्पतालदेखि लिएर स्थानीय स्वास्थ्य चौकीहरूबाट प्रवाहित हुने स्वास्थ्य तथा पोषणसम्बन्धी सेवाहरूमा असर पर्न गई गम्भीर मानवीय संकट आउने र स्वास्थ्य क्षेत्रमा हालसम्म हासिल भएका उपलब्धिहरू गुम्नसक्ने खतरा देखिएको छ।

५२. खानेपानी ढुवानी गर्ने सवारी साधनहरूका लागि इन्धनको अभाव भई काठमाडौं उपत्यकालगायतका सहरी क्षेत्रमा खानेपानी वितरण कार्य प्रभावित भएको छ। इन्धनको अभावले फोहरमैला संकलन र विसर्जन कार्य प्रभावित भई अस्पताल, मानववस्ती तथा सहरबजारमा फोहर थुप्रिन थालेको छ। यसबाट जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने र महामारी फैलनसक्ने सम्भावना रहेको छ ।

५३. सरकारी एवं गैरसरकारीस्तरमा सञ्चालित बालकल्याण गृहमा रहेका बालबालिकाहरूलाई पठनपाठन, खाद्यान्न व्यवस्था तथा बिरामी पर्दा उपचारको समस्या परेको छ। वृद्धाश्रमहरूमा रहेका ज्येष्ठ नागरिकहरूलाई आवश्यक पर्ने खाद्यान्न र औषधिको समेत अभाव सिर्जना भएको छ।

**(झ) सार्वजनिक वित्त व्यवस्थापन**

**(अ) बजेट खर्च**

५४. चालु वर्षलाई बजेट कार्यान्वयन वर्षको रूपमा घोषणा गरिए तापनि सरकारी खर्चको गति सुस्त रहेको छ। तराई-मधेशको बन्द, हड्ताल र आपूर्ति प्रणालीको अवरोधले विकास आयोजनाहरूको कार्यान्वयनमा कठिनाई भएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन भूकम्पपछि नै प्रभावित भएकोमा हाल थप प्रभावित भएका छन्। चालु आर्थिक वर्षका लागि रू. ८ खर्ब १९ अर्ब ४७ करोड विनियोजन गरिएकोमा पहिलो चौमासिक अवधि व्यतीत हुँदा रू. १ खर्ब ७ अर्ब ३४ करोड अर्थात् १३.१ प्रतिशत मात्र खर्च भएको छ। यसमध्ये चालुतर्फ विनियोजित रू. ४ खर्ब ८४ अर्ब २७ करोडमध्ये रू. ८८ अर्ब ९२ करोड अर्थात् १८.४ प्रतिशत, पुँजीगततर्फ विनियोजित रू. २ खर्ब ८ अर्ब ८८ करोड मध्ये रू. ८ अर्ब ४६ करोड अर्थात् ४.१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ विनियोजित रू. १ खर्ब २६ अर्ब ३२ करोडमध्ये रू. ९ अर्ब ९६ करोड अर्थात् ७.९ प्रतिशत मात्र खर्च भएको छ। पुनर्निर्माणसँग सम्बन्धित रू. ७४ अर्बको बजेट खर्च हुन सकेको छैन। सरकारी खर्च हुन नसकेकाले पहिलो चौमासिकको अन्त्यसम्म सरकारी कोष रू. ८० अर्ब ८१ करोडले बचतमा रहेको छ।

**(आ) राजस्व**

५५. व्यापारिक नाकामा अवरोध भई आयात अवरुद्ध भएको र इन्धनको अभावमा आन्तरिकरूपमा वस्तु र सेवाको उत्पादन तथा वितरण प्रभावित भएकाले मासिक लक्ष्यअनुसार राजस्व असुली हुन सकेको छैन। कार्तिक मसान्तसम्म रू. १ खर्ब ३० अर्बको राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा लक्ष्यको ७१.२ प्रतिशत अर्थात् रू. ९२ अर्ब ५७ करोड मात्र संकलन भएको छ। यो अंक कार्तिक मसान्तसम्मको लक्ष्यको तुलनामा २८.८ प्रतिशत र गत वर्षको यही अवधिको तुलनामा १९.४ प्रतिशतले कम हो। कार्तिक मसान्तसम्मको लक्ष्यमध्ये भन्सार नाकाबाट हुने राजस्व संकलन रू. २५ अर्ब र आन्तरिक राजस्व संकलन रू. १३ अर्बले कम भएको छ।

५६. अन्तर्राष्ट्रिय व्यापारमा बढी निर्भर रहेका कारण भन्सार विन्दुबाट संकलन हुने राजस्व बढी प्रभावित भएको छ। कुल आयातमा उपभोगको हिस्सा बढी भएका कारण आगामी दिनमा स्थिति सहज हुँदा पनि उपभोगमा आधारित राजस्वको परिपूरण हुन नसक्ने देखिएको छ। वर्तमान असहज परिस्थितिले मुख्य भन्सार नाकाहरू वीरगञ्ज, सुख्खा बन्दरगाह, जलेश्वर, जनकपुर, गौर, कृष्णनगर, सर्लाही, सिरहा, राजविराज र सुनसरी गम्भीररूपमा प्रभावित भएका छन् भने दक्षिणीतर्फका अन्य व्यापारिक नाकाहरू पनि प्रभावित भएका छन्।

५७. सीमा नाकाहरूमा भएको अवरोध र बजार बन्दले व्यापारिक नोक्सानी हुँदा आयकर पनि प्रभावित हुन थालेको छ। संस्थागत आयकरको हिस्सा ६० प्रतिशत हुने गरेकोमा हाल अधिकांश उद्योग बन्दको मारमा परेका र बैंकिङ क्षेत्रको कर्जा प्रवाहमा संकुचन आएकाले मुनाफा प्रभावित भई आयकर कम हुने देखिएको

छ। यसबाट वित्तीय सबलीकरण र समष्टिगत आर्थिक परिसूचकहरू प्रभावित हुनसक्ने हुँदा राजस्व प्रणाली र सार्वजनिक खर्च व्यवस्थापनमा चुनौति थपिएको छ।

**(इ) वैदेशिक सहायता**

५८. चालु आर्थिक वर्षमा भूकम्पपछिको पुनर्निर्माणका लागि समेत रू. २ खर्ब ५ अर्ब ८९ करोड वैदेशिक सहायता प्राप्त हुने अपेक्षा गरिएकोमा पुनर्निर्माणको कार्य सुरु हुन नसकेको र अन्य पुँजी निर्माणका कार्यहरू समेत अघि बढ्न नसकेकाले सहायता परिचालन हुन सकेको छैन। पहिलो चौमासिक अवधिसम्म अनुदानतर्फ विनियोजनको १०.८ प्रतिशत अर्थात् रू. १२ अर्ब ३ करोड र ऋणतर्फ विनियोजनको ५ प्रतिशत अर्थात् रू. ४ अर्ब ७७ करोड मात्र प्राप्त भएको छ।

५९. भूकम्पछिको पुनर्निर्माणका लागि गरिएको अन्तर्राष्ट्रिय सम्मेलनमा दातृराष्ट्र एवं संस्थाहरूले घोषणा गरेको अमेरिकी डलर ४ अर्ब १० करोडमध्ये अमेरिकी डलर ५६ करोडको मात्र सम्झौता भएको छ भने अमेरिकी डलर २ करोड ६० लाखको सम्झौता वार्ता सम्पन्न भएको छ।

**(ई) आन्तरिक ऋण**

६०. चालु आर्थिक वर्षमा रू. ८८ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखिएकोमा हालसम्म उठाइएको छैन। सरकारी कोष नै बचतमा रहेकाले आन्तरिक ऋण नउठाउँदा बैंक तथा वित्तीय संस्थाहरूमा अधिक तरलताको स्थिति छ भने सर्वसाधारणका लागि सरकारी ऋणपत्रहरूमा लगानी गर्ने अवसर उपलब्ध गराउन सकिएको छैन।

## तत्कालको कार्यदिशा

६१. तराई-मधेशको बन्द, हडताल र आपूर्ति प्रणालीको अवरोधका कारण मुलुकले भोग्नु परेको यो अनपेक्षित समस्या समाधान गर्न नेपाल सरकारले राजनीतिक सम्वाद र कुटनीतिक पहलहरू गरिरहेको छ। उपलब्ध इन्धन र उपभोग्य सामग्रीको वितरण व्यवस्थालाई न्यायोचित बनाउन उपलब्ध सबै विकल्पहरूको उपयोग गरिरहेको छ। वितरण प्रणालीलाई थप व्यवस्थित बनाई जनजीवन सामान्य बनाउन र वर्तमान परिस्थितिका कारण अर्थतन्त्रमा पर्नसक्ने प्रभावलाई कम गर्न देहायअनुसारको कार्यदिशा तय गरिएको छ ।

**समष्टिगत आर्थिक पक्ष**

६२. चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बदलिंदो सन्दर्भमा स्रोतको उच्चतम परिचालन गरिनेछ। उत्पादन वृद्धि गर्न र वितरण व्यवस्था सहज बनाउन आवश्यक परेमा कार्यक्रमहरूलाई पुनर्प्राथमिकीकरण गरिनेछ। सरकारको लगानी खाद्य सुरक्षा, जलविद्युत, वैकल्पिक ऊर्जा, रणनीतिक पूर्वाधार, पर्यटन पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत आर्थिक-सामाजिक विकास र आमजनताको जीवनयापनलाई सहज र सरल बनाउनेतर्फ केन्द्रित गरिनेछ।

६३. आपूर्ति प्रणालीको अवरोधका कारण मानवीय संकट आउन नदिन आधारभूत उपभोग्य वस्तुहरूको उपलब्धता र अत्यावश्यक सेवाहरूलाई सुचारु गर्न सरकारले सबै वैकल्पिक उपाय अवलम्बन गर्नेछ।

६४. सरकारी, निजी, सहकारीका साथै अन्य गैरसरकारी क्षेत्र तथा बाह्य पक्षहरूको सहकार्यमा ठूला पूर्वाधारको विकास र आन्तरिक उत्पादन वृद्धिका कार्यक्रमहरू कार्यान्वयन गरी आम रोजगारीका अवसर सिर्जना गरिनेछ। यसका लागि लगानीको थप अनुकूल वातावरण तयार गरिनेछ।

६५. मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र कायम राख्न र वित्तीय स्थायित्व खल्बलिन नदिन आवश्यक वित्तीय र मौद्रिक उपकरणहरूको प्रयोग गरिनेछ।

६६. आर्थिक सुधारका कार्यक्रमहरूको निरन्तरता, वित्तीय प्रणालीको नियमन र पारदर्शिता, वित्तीय जवाफदेहिता एवं सार्वजनिक सेवामा स्वच्छता कायम गरिनेछ। व्यवस्थापिका-संसदमा विचाराधीन आर्थिक क्षेत्रसँग सम्बन्धित विधेयकहरू शीघ्र पारित गर्न पहल गरिनेछ।

६७. विदेशस्थित नेपाली नियोगहरूलाई अन्तर्राष्ट्रियस्तरमा हालको समस्याको यथार्थ चित्रण प्रस्तुत गर्न, वैदेशिक सहायता र लगानी भित्र्याउन, पर्यटन प्रवर्द्धन गर्न, व्यापार विविधिकरण एवं विस्तार गर्न र आर्थिक कुटनीतिलाई परिणाममुखी बनाउन सक्रिय गराइनेछ। गैर आवासीय नेपाली संघका स्थानीय संगठनहरूलाई यस कार्यमा सहयोग गर्न अभिप्रेरित गरिनेछ।

६८. भूकम्पपछिको पुनर्निर्माण, ठूला पूर्वाधार निर्माण र सञ्चालन, उत्पादन र सेवा क्षेत्रका साथै सामाजिक विकासमा गैर आवासीय नेपालीहरूको लगानी वृद्धि गर्न प्रोत्साहन र सहजीकरण गरिनेछ।

६९. भूकम्पपछिको पुनर्निर्माण, वितरण प्रणालीको सुदृढीकरण र समग्र आर्थिक-सामाजिक कार्यहरूमा स्वंयसेवाका लागि देशभरका युवाहरूलाई प्रेरित गर्ने कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।

**(क) इन्धन आपूर्ति र वितरण व्यवस्था**

७०. पेट्रोलियम पदार्थलगायत दैनिक उपभोग्य सामग्रीको वितरण प्रक्रियालाई प्रभावकारी र पारदर्शी बनाइनेछ। उपलब्ध पेट्रोलियम पदार्थहरू निश्चित मापदण्डका आधारमा बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। इन्धन बिक्री वितरण हुने स्थान, मूल्य, परिमाण र समयतालिका सर्वसाधारणको जानकारी एवं सुविधाका लागि अनलाइन माध्यमबाट समेत अग्रिम रूपमा सार्वजनिक गरिनेछ। सवारी साधनलाई इन्धन प्राप्त हुने समय र स्थानको जानकारी सहितको टोकन उपलब्ध गराई लामो समय लाइनमा बस्नु नपर्ने व्यवस्था मिलाइनेछ।

७१. पेट्रोलियम पदार्थको अनधिकृत सञ्चय गर्ने र सरकारले तोकेको मापदण्ड विपरित बिक्री वितरण गर्ने व्यक्ति वा समूहको निगरानी गरी त्यस्तो पेट्रोलियम पदार्थ जफत गरी त्यस्ता व्यक्ति वा समूहलाई कडा कानुनी कारवाही गरिनेछ।

७२. दैनिक आयात एवं मौज्दातको आधारमा क्षेत्रगत प्राथमिकता निर्धारण गरी पारदर्शी रूपमा प्रत्येक परिवारले खाना पकाउने ग्याँस पाउने प्रबन्ध गरिनेछ। खाना पकाउने ग्याँसको अभाव पूर्ति गर्न मट्टितेल र दाउरा समेत बिक्री वितरणको प्रबन्धलाई थप व्यवस्थित गरिनेछ।

७३. अपाङ्गता भएका व्यक्ति, एम्बुलेन्स, शव वाहन, खानेपानी, दूध र औषधि अत्यावश्यक सामग्री ढुवानीका साधनहरूका साथै सञ्चार माध्यमहरूलाई इन्धन आपूर्तिमा प्राथमिकता दिइनेछ। सार्वजनिक निर्माण

आयोजनाहरूका साथै कृषि तथा औद्योगिक उत्पादनहरू बजारसम्म ढुवानी गर्न प्रयोग हुने सवारी साधनहरूका लागि प्राथमिकताका साथ इन्धन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७४. भन्सारवाट छुटेका इन्धन र अत्यावश्यक सामग्री बोकेका मालवाहक ट्रकहरूलाई सुरक्षितरूपमा समयमै गन्तव्यमा पुऱ्याउने व्यवस्था मिलाइनेछ। यस्ता सामग्री गन्तव्यमा पुगे नपुगेको एकीन गर्ने प्रणालीको स्थापना गरिनेछ। पेट्रोलियम पदार्थलगायत अन्य अत्यावश्यक सामग्रीको आयात परिमाण र बिक्री वितरण भएको परिमाणको अनुगमन र सुपरीवेक्षण गरी आपूर्ति व्यवस्था नियमित गरिनेछ।

७५. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र निजी क्षेत्रबाट समेत वैकल्पिक ऊर्जाका प्रविधि तथा उपकरणहरू आमजनतासम्म पुऱ्याउन सहजीकरण गरिनेछ।

७६. पेट्रोलियम पदार्थ आयातको वैकल्पिक व्यवस्था मिलाउन विभिन्न मुलुक तथा अन्तर्राष्ट्रिय कम्पनीहरूसँग व्यापार सम्झौता गरिनेछ। निजी क्षेत्रका व्यवसायीले इन्धन आयात गरी आपूर्ति गर्न चाहेमा सहजीकरण गरिनेछ। आपूर्ति व्यवस्था सहज बनाउन विभिन्न भौगोलिक क्षेत्रमा पेट्रोलियम पदार्थ भण्डारणका लागि पूर्वाधार निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ।

७७. आयातका वैकल्पिक भन्सार नाकाहरू र ढुवानीका प्रमुख मार्गहरूको तत्काल मर्मत सम्भार र स्तरोन्नति गरिनेछ। इन्धनलगायतका उपभोग्य सामग्रीको सहज आपूर्तिका लागि नेपालको अन्तर्राष्ट्रिय व्यापार विविधिकरण गर्दै सञ्चालनमा रहेका र सम्भाव्य व्यापारिक नाकाहरू जोड्ने सडकहरू तीव्रताका साथ निर्माण, मर्मत र विस्तार गरिनेछ।

७८. विद्युतवाट सञ्चालन हुने व्यक्तिगत वा सार्वजनिक यातायातका साधनको उपयोगलाई प्रोत्साहित गरिनेछ। खाना पकाउने विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहित गरिनेछ। उपलब्ध विद्युत खाना पकाउने समयमा आपूर्ति गर्न प्राथमिकता दिइनेछ।

७९. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा आकस्मिक सेवा, शल्यक्रिया र सघन उपचार सेवा सुचारु गर्न इन्धन आपूर्तिमा प्राथमिकता दिइनेछ। शिक्षण संस्थाहरूलाई निश्चित मापदण्ड तोकी प्राथमिकताका आधारमा इन्धन उपलब्ध गराइनेछ।

८०. पर्यटकीय सवारी साधनलाई मापदण्डका आधारमा इन्धन बिक्रीमा प्राथमिकता दिइनेछ। पर्यटकीय होटेलहरूमा पर्यटकको संख्या समेतको विश्लेषण गरी खाना पकाउने ग्याँस तथा जेनेरेटर सञ्चालनका लागि इन्धन उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

**(ख) ऊर्जा सुरक्षा**

८१. जलविद्युत उत्पादन, प्रसारण र वितरण प्रक्रियालाई तीव्रताका साथ अघि बढाउन ऊर्जा संकटकाल घोषणा गरी जलविद्युतका साथै सबै प्रकारका ऊर्जा परियोजनाहरूको सहज कार्यान्वयनका लागि वातावरण तयार गरिनेछ। यस्ता परियोजनाहरूलाई आवश्यक वित्तीय स्रोत जुटाउन आयोजना विशेष ऋणपत्र जारी गरिनेछ।

८२. निर्माणाधीन माथिल्लो तामाकोशी, कुलेखानी तेस्रो र चमेलिया जलविद्युत आयोजनाहरूको निर्माण कार्यलाई तीव्रता दिइनेछ। निर्माणाधीन ग्रीड सोलार आयोजनाबाट २५ मेगावाट विद्युत आपूर्ति गरिनेछ भने थप

२०० मेगावाट विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गरी सौर्य विद्युत आयोजनाहरू अगाडि बढाइनेछ। निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनाहरू समयभित्रै सम्पन्न गर्न सहजीकरण गरिनेछ। एक वर्षभित्र निजी प्रवर्द्धकहरूबाट समेत गरी थप १ सय ५५ मेगावाट जलविद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्ने व्यवस्था मिलाइनेछ।

८३. बूढीगण्डकी र नलसिं गाड जलविद्युत आयोजनाको निर्माण कार्य तीब्रताका साथ अगाडि बढाइनेछ। नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण र सर्वसाधारणको संयुक्त लगानीमा ५०० मेगावाटसम्म क्षमताको जलविद्युत आयोजना पहिचान गरी विकास गरिनेछ। रेमिट हाइड्रो अवधारणाअनुरुप वैदेशिक रोजगारीबाट आप्रवाह हुने विप्रेषणको रकम उपयोग गरी घुन्सा (७२ मेगावाट) र सिंबुवा (५१ मेगावाट) लगायतका जलविद्युत आयोजनाहरू निर्माण गर्न आवश्यक प्रबन्ध गरिनेछ। समुदायको लगानीमा निर्माण र सञ्चालन हुने लघु जलविद्युत आयोजनाहरूलाई प्रोत्साहित गरिनेछ।

८४. नेपालको सम्भाव्य जलविद्युत क्षमताको समग्र अध्ययन यथासम्भव चाँडो सम्पन्न गरिनेछ। महत्वपूर्ण राष्ट्रिय प्रसारण लाइनहरूको निर्माणमा आवश्यकताअनुसार नेपाली सेनालाई समेत संलग्न गराइनेछ।

८५. राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा उपलब्ध हुन नसकेका ग्रामीण बस्तीहरूमा वैकल्पिक ऊर्जाको उत्पादन र वितरणमा दिंइदै आएको सहुलियत र अनुदानलाई थप प्रभावकारी बनाइनेछ। सहरी सौर्य ऊर्जा कार्यक्रमलाई विस्तार गरिनेछ। तराई-मधेश र पहाडका ग्रामीण क्षेत्रमा अभियानका साथ बायोग्याँस प्लाण्ट जडान गरिनेछ।

**(ग) खाद्य सुरक्षा**

८६. नेपाल खाद्य संस्थानलगायत सम्बद्ध सार्वजनिक संस्थानहरूको भण्डारण क्षमता उपयोग गरी कृषकहरूले उत्पादन गरेका खाद्यान्न, दलहन र तेलहनको खरिद गर्ने व्यवस्था मिलाइनेछ। निजी र सहकारी क्षेत्रबाट निर्माण गरिने खाद्य भण्डार तथा शीत भण्डारका लागि उपलब्ध गराइंदै आएको ब्याज तथा पुँजीगत अनुदान र विद्युतको डिमाण्ड शुल्क छूटको व्यवस्थालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ। खाद्यान्नको कृत्रिम अभाव सृजना गर्ने र बढी मूल्य लिने बिक्रेताहरूको सूक्ष्म निगरानी गरी कानुनी कारवाहीको दायरामा ल्याइनेछ।

८७. लघु बीमा कार्यक्रममा बाली तथा पशु बीमालाई अनिवार्य रूपमा समावेश गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ। सहकारी संस्थाहरू समेत परिचालन गरी कृषि बीमासँग सम्बन्धित सरकारी कार्यक्रमहरूलाई विस्तार गरिनेछ।

८८. आगामी दुई वर्षभित्र धान, गहुँ, मकै, ताजा तरकारी, फलफूल, दलहन, मसला, माछामासु, अण्डा र दूधमा आत्मनिर्भर हुने गरी उत्पादनका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिनेछ। कृषियोग्य जमीन बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ। बाँझो जमीनमा सामुहिक र करार खेती गर्न भूमिहीन विपन्न परिवारलाई पुँजीगत अनुदानका साथै ऋणको ब्याजमा अनुदान दिइनेछ।

८९. धान, गहुँ, मकै, फापर, कोदो जस्ता खाद्यान्न एवं आलु र प्याज उत्पादक कृषक परिवारलाई सहुलियत दरमा बीऊ उपलव्ध गराउने व्यवस्था मिलाइनेछ। ट्रान्जिट र नाकामा थुप्रिएको रासायनिक मल तत्काल किसान समक्ष पुऱ्याई हिउँदेबालीका लागि आवश्यक रासायनिक मलको प्रबन्ध गरिनेछ।

९०. किसानहरूलाई सहुलियत कृषि ऋण सहज ढंगमा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ। जग्गा धितो राख्न नसक्ने किसानका लागि परियोजना वा सामुहिक जमानीमा ऋण दिने व्यवस्था गरिनेछ।

**(घ) उद्योग व्यवसायको सहजीकरण**

९१. कोलकत्ता बन्दरगाह तथा सीमा वारिपारिका भन्सार नाकाहरूमा लामो समयसम्म कन्टेनरहरू रोकिंदा व्यवसायीले व्यहोर्नु परेको अतिरिक्त विलम्ब शुल्क र पार्किङ शुल्क छूट गराउन कूटनीतिक पहल गरिनेछ।

९२. उद्योगी तथा व्यवसायीहरूले कर विवरण बुझाउने र भुक्तानी गर्ने समय थप गरिनेछ। पर्यटन र उत्पादनमूलक उद्योगका साथै दूध, तरकारी र मासु उत्पादक किसानले लिएको ऋणको साँवा ब्याज भुक्तानीको पुनर्तालिकीकरण र ब्याजको केही अंश छूट दिने व्यवस्था गरिनेछ। उद्योग व्यवसायको पुनरुद्धार र पुनर्स्थापनाका लागि नेपाल राष्ट्र बैंकमा रहेको पुनरुद्धार कोषको उपयोग गरिनेछ।

**(ङ) स्वास्थ्य र शिक्षा सेवा**

९३. स्वास्थ्य सेवासँग सम्बन्धित औषधि, अक्सिजन, उपकरण, कच्चा पदार्थ, प्याकिङ् सामग्री तथा लेवल, रगत संकलन गर्ने प्लाष्टिक व्यागहरूको आपूर्ति सहज बनाइनेछ। अत्यावश्यक औषधि हवाइमार्गबाट समेत ढुवानी गर्ने प्रबन्ध मिलाइनेछ।

९४. सबै शिक्षण संस्थाहरु सुचारु गरिनेछ। यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक, राजनीतिक दल, अधिकारकर्मी र नागरिक समाजको सहयोग जुटाइनेछ।

**(च) भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापना**

९५. पुनर्निर्माण प्राधिकरण विधेयक व्यवस्थापिका-संसदबाट यथाशीघ्र पारित गराई पुनर्निर्माण र पुनर्स्थापनाको कार्य अघि बढाइनेछ। पुनर्निर्माण प्राधिकरण स्थापना नहुञ्जेल पुनर्निर्माणका कार्यहरू राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत गराई सम्बन्धित मन्त्रालयमार्फत् प्राथमिकता दिई कार्यान्वयन गरिनेछ। भूकम्पपीडित परिवारहरूका लागि व्यवस्थित बस्ती विकास योजना कार्यान्वयन गर्दै आवासको प्रबन्ध गरिनेछ।

९६. भूकम्पपछिको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन आयोजना गरिएको सम्मेलनमा दातृराष्ट्र र संस्थाहरूले गरेको प्रतिबद्धताअनुरुपको सहयोग प्राप्त गरी पुनर्निर्माणको कार्य अगाडि बढाउन तत्काल ती राष्ट्र र संस्थाहरूसँग सम्झौता गरिनेछ।

९७. सरकारले यस अघि घोषणा गरेको प्रति भूकम्पपीडित परिवार रू. २ लाख सहायता रकमको पहिलो किस्ता तत्काल निकासा दिइनेछ। पूर्णरूपमा घर क्षति भएका भूकम्पपीडित विपन्न परिवारलाई सामुहिक जमानीमा रू. ३ लाखसम्म सहुलियत दरमा बैंक कर्जा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ।

९८. पूर्णरूपमा घर क्षति भएका भूकम्पपीडित परिवारलाई आसन्न जाडोयाममा न्यानो कपडा खरिद गर्न मंसीर मसान्तभित्र रू. १० हजार अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ। भूकम्पपीडित व्यक्तिहरूको स्वास्थ्य स्थिति बिग्रन नदिन जनस्वास्थ्यका घुम्ती सेवा कार्यक्रमलाई सघनरूपमा सञ्चालन गरिनेछ।

९९. भूकम्प प्रतिरोधी भवन निर्माण गर्नका लागि दक्ष र अर्धदक्ष व्यावसायिक कामदार तयार गर्न सिकर्मी, डकर्मी, वायरिङ, प्लम्बिङसम्बन्धी तालीम कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिनेछ।

१००. भूकम्पबाट भत्किएका पूर्वाधारहरूमध्ये विश्व सम्पदा सूचीमा परेका ऐतिहासिक धरोहर एवं मठमन्दिर, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक भवनहरू, सडक तथा पुलहरू, विद्युत गृहहरूको पुनर्निर्माण प्राथमिकताका आधारमा तत्काल सुरू गरिनेछ।

**(छ) शासकीय सुधार**

१०१. नेपालको संविधानबमोजिम नयाँ बनाउनुपर्ने र संविदान अनुकूल बनाउन संशोधन गर्नुपर्ने कानुन मस्यौदाको कार्यलाई प्रभावकारी रुपमा अघि बढाइनेछ।

१०२. संविधानको सर्वोच्चता र कानुनी राज्यको मान्यता अनुरुप शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाइनेछ।

१०३. भन्सार नाका, राष्ट्रिय तथा क्षेत्रीय लोकमार्ग, औद्योगिक कोरिडोर, शिक्षा, स्वास्थ्यलगायतका सार्वजनिक क्षेत्रहरूमा अवरोध हुन नदिन, लुटपाट जस्ता आपराधिक क्रियाकलापहरू नियन्त्रण गर्न र असहज परिस्थितिको अवाञ्छित फाइदा लिन खोज्ने र कालोबजारी गर्ने व्यक्ति तथा समूहलाई नियन्त्रण गर्न प्रभावकारी कदम चालिनेछ।

१०४. सीमा क्षेत्रहरूमा हुनसक्ने अवैध आयात निर्यात रोक्न भन्सार एवं सुरक्षा निकायहरूको समन्वयात्मक र प्रभावकारी परिचालन गरिनेछ। राजस्व चुहावट र कर छली नियन्त्रण गर्न विशेष गस्ती परिचालन गरिनेछ।

१०५. सरकारी कार्यालय, सार्वजनिक एवं निजी प्रतिष्ठान तथा संस्थाहरूको ऊर्जा खपतमा मितव्ययिता कायम गरिनेछ। सरकारी स्रोतबाट हुने इन्धन, कार्यालय सामान, सेमिनार, गोष्ठी तथा विविध खर्च एवं भूकम्पको क्षति बाहेकको मर्मत खर्चमा कटौती गरिनेछ। अत्यावश्यक र मुलुकको प्रतिनिधित्व हुनैपर्ने अवस्थामा बाहेक सरकारी खर्चमा विदेश भ्रमण गरिने छैन।

१०६. वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम कार्यान्वयनको असहजतालाई सम्बोधन गर्न दातृ निकायसँग समेत समन्वय गरी सहजीकरण गरिनेछ।

१०७. विभागीय प्रमुख, आयोजना प्रमुख र कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनमा जवाफदेहिता अभिवृद्धि गरिनेछ।

१०८. आगामी तीन महिनाभित्र आधिकारिक ट्रेड युनियनको निर्बाचन गरिनेछ।

१०९. सबै कर्मचारीलाई थप मेहनत र जिम्मेवारीबोधका साथ काम गर्न अभिप्रेरित गरिनेछ। सेवा प्रवाह गर्ने कार्यालयहरूमा राष्ट्रसेवक कर्मचारीको अभाव हुन दिइने छैन। यस्ता कार्यालयहरूमा खटिएका राष्ट्रसेवकहरूले कार्यस्थलमा गई सेवा प्रवाह गर्नुपर्नेछ। खटाएको स्थानमा नजाने, सेवा प्रवाहमा लापरवाही

गर्ने र तोकिएको काम समयमै सम्पन्न नगर्ने कर्मचारीहरूलाई विभागीय कारवाही गरिनेछ। उच्चस्तरको कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मानित गरिनेछ।

११०. सार्वजनिक निर्माणमा काबुबाहिरको परिस्थिति बाहेक समय र लागत बढाउने निर्माण व्यवसायी र प्राविधिक कर्मचारीलाई जवाफदेही बनाइनेछ। निर्धारित बजेटको परिधिभित्र रही समयसीमाभित्रै सार्वजनिक निर्माण कार्य सम्पन्न गर्ने कर्मचारी र निर्माण व्यवसायीलाई प्रोत्साहित गरिनेछ।

**(ज) अनुगमन संयन्त्र**

१११. इन्धन, खाद्यान्न र दैनिक उपभोगका अत्यावश्यक सामग्रीको बिक्री वितरणलाई व्यवस्थित गर्न, मापदण्ड निर्धारण गर्न र बजार अनुगमनका लागि सरोकारवाला निकाय, उपभोक्ता हितसँग सम्बन्धित संघसंस्था र निजी क्षेत्र सम्मिलित संयन्त्र अविलम्ब निर्माण गरी परिचालन गरिनेछ।

११२. बन्द, हडताल र आपूर्ति प्रणालीको अवरोधले अर्थतन्त्रमा पारेको प्रभावको निरन्तर अध्ययन गरिनेछ। यस श्वेतपत्रमा उल्लिखित कार्यहरूको अनुगमन गर्न निजी क्षेत्र समेत सम्मिलित उच्चस्तरीय समिति गठन गरिनेछ। यस समितिले परिस्थितिको विश्लेषण गरी तत्काल चाल्नुपर्ने कदमहरू पहिचान गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्नेछ।

**अन्त्यमा,**

११३. विनाशकारी भूकम्प र आपूर्ति प्रणालीको अवरोधबाट सिर्जित विषम परिस्थितिमा नेपाली दिदीबहिनी तथा दाजुभाइहरूबाट प्रदर्शित सद्भाव, संयम, धैर्य र एकताका लागि नेपाल सरकारको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु। यस असहज परिस्थितिमा व्यवस्थापिका-संसदका माननीय सदस्यहरू, सबै राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, राष्ट्रसेवक कर्मचारी, मित्रराष्ट्र तथा विकास साझेदारहरू र सञ्चार जगत्बाट प्राप्त सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। यस वर्षको विनाशकारी भूकम्प र हालको अघोषित नाकाबन्दी तथा तराई-मधेशको बन्द, हडतालका कारणहरूबाट सिर्जना भएको कठिन परिस्थितिको सामना गर्ने र राष्ट्रिय अर्थ व्यवस्थामा परेको प्रतिकूल प्रभावलाई न्यून गर्दै अर्थतन्त्रलाई सबल र गतिशील तुल्याउने सरकारको प्रयासमा सबैको सहयोगको अपेक्षा गर्दछु।